नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा विकास समिति
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

फोन : (९७७) १-४५९८०१३
४५९८०१४, ४५९८०१५
वेभ : www.aepc.gov.np
पो.ब.नं. १४३६४, काठमाडौं
ताहाचल, काठमाडौं

प.सं.:
च.नं.:

प्रेस विज्ञप्ति

## भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा विद्युत सेवा सूचारु एवं आधारभूत ऊर्जा आपूर्ति गर्ने सम्बन्धमा केन्द्रबाट हालसम्म भएका कार्यहरु

*मिति : २०८३/०५/१८ गते बिहिबार ।*

मिति २०८३/०५/१० मा रसुवा जिल्लामा अचानक आएको विनाशकारी बाढीबाट जनधनको ठूलो क्षति हुनुको साथै ऊर्जा लगायतका भौतिक संरचनाहरुमा व्यापक क्षति पुगेको र सो पश्चात् आकस्मिक रुपमा बसेको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको उच्च व्यवस्थापन समूह (SMT) बैठकले "बाढीबाट प्रभावित परिवारहरुको तत्काल राहतका लागि साना घरेलु सौर्य विद्युत प्रणाली, फलामे पोर्टेबल चुलो तथा प्रभावित स्थानीय तह, वडा कार्यालय, स्वास्थ्य चौकी लगायत अत्यावश्यक सेवा प्रवाहका लागि संस्थागत सौर्य विद्युत प्रणाली वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र मार्फत नेपाल विद्युत प्राधिकरण समेतको समन्वयमा उपलब्ध गराउने" निर्णय गरे बमोजिम केन्द्रले मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा आधारभूत विद्युत सेवा सूचारु एवं आधारभूत ऊर्जा आपूर्ति गर्ने सम्बन्धमा निरन्तर समन्वय गरिरहेको छ। सोही अनुसार बाढी प्रभावित क्षेत्रको लागि केन्द्रले हालसम्म गरेका कार्यहरुको संक्षिप्त विवरण तपसिल बमोजिम रहेको छ :

१. केन्द्रले मिति २०८३/०५/१० गते सूचना प्रकाशित गरी विशेष खरिद प्रक्रिया अन्तर्गत २० वाट पिक क्षमताका ५०० सेट सौर्य ऊर्जा प्रणाली, २ किलोवाट पिक क्षमताका ५० सेट संस्थागत सौर्य विद्युत प्रणाली तथा २,००० सेट सुधारिएको फलामे चुलो खरिद प्रक्रिया अघि बढाएको ।

२. उल्लिखित प्रक्रिया अन्तर्गत खरिद गरिएका ५०० सेट २० वाट पिक क्षमताका सौर्य विद्युत प्रणाली केन्द्रबाट काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र नेपाली सेनाको संयुक्त राहत/उद्धार टोलीलाई मिति २०८३/०५/११ मा हस्तान्तरण गरिएको ।

३. केन्द्रमा बाढीबाट प्रभावित विभिन्न स्थानीय तहहरुबाट अत्यावश्यक विद्युत सेवा सूचारु गर्नको लागि सौर्य ऊर्जा प्रणालीको माग भइ आएकोमा मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा रसुवाको उत्तरगया गाउँपालिकालाई २ किलोवाट पिक क्षमताका ३ सेट संस्थागत सौर्य विद्युत प्रणाली मिति २०८३/०५/१३ मा हस्तान्तरण गरिएको । संस्थागत सौर्य विद्युत प्रणाली विद्यालय, स्वास्थ्य चौकी, बर्थिङ्ग सेन्टर, पालिका कार्यालय, वडा कार्यालय, होल्डिङ्ग सेन्टर लगायतका स्थानहरुमा तत्कालीन विद्युत सेवा प्रदान गर्न उपयोगी भएको ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा विकास समिति
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

फोन : (९७७) १-४५९८०१३
४५९८०१४, ४५९८०१५
वेभ : www.aepc.gov.np
पो.ब.नं. १४३६४, काठमाडौं
ताहाचल, काठमाडौं

प.सं.:
च.नं.:

४. केन्द्रको समन्वयमा सुर्योदय ऊर्जा प्रा.लि.ले उपलब्ध गराएको ३.३६ किलोवाट पिक क्षमताको संस्थागत सौर्य विद्युत प्रणाली त्रिशुली अस्पताल, नुवाकोटमा मिति २०८३/०५/१४ मा जडान गरी सञ्चालनमा ल्याइएको । यस प्रणालीले बाढीबाट प्रभावित विरामीको उपचार लगायत अस्पतालको अत्यावश्यक सेवा सञ्चालनमा सघाउ पुऱ्याएको।

५. विद्युत सेवा सूचारु सम्बन्धी प्रगतिहरुको अध्ययन एवं नेपाल विद्युत प्राधिकरणको सुझावको आधारमा केन्द्रले खरिद गरेको ७ सेट र अन्य संस्थाबाट संस्थागत सामाजिक उत्तरदायित्व स्वरुप उपलब्ध गराएको ३ सेट (**नेपाल सौर्य विद्युत उत्पादक संघबाट** १.८ किलोवाट पिक क्षमताको १ सेट र **एशिया इनर्जी प्रालिबाट** ३०० वाट पिक सौर्य ऊर्जामा आधारित १ किलोवाट आवर क्षमताको पावर ब्याकअप २ सेट) गरी जम्मा १० सेट संस्थागत सौर्य विद्युत प्रणाली मिति २०८३/०५/१६ को वैठकको निर्णय अनुसार मिति २०८३/०५/१७ मा रसुवाको गोसाइकुण्ड गाउँपालिकाको वडा नं. १,२ र ३ मा ४ सेट, रसुवाको आमाछोदिङमो गाउँपालिकाको वडा नं. १ र २ मा २ सेट, नुवाकोट बिदुर **नगर**पालिकाको वडा नं. १० र ११ मा २ सेट, नुवाकोटको बेलकोटगढी नगरपालिकाको वडा नं. ८ मा १ सेट गरी जम्मा ९ सेट सम्बन्धित पालिका/वडाले पाउने गरी बिदुर पठाइएको र धादिङ्गको गल्छी गाउँपालिकाको वडा नं. ६ का लागि १ सेट गाउँ कार्यपालिकाको कार्यालय बैरेनी पठाइएको ।

६. केन्द्रले खरिद गरी हस्तान्तरण गरेका २० वाट पिक क्षमताका ५०० सेट सौर्य विद्युत प्रणाली रसुवा र नुवाकोट तथा **नेपाल सौर्य विद्युत उत्पादक संघ (SEMAN)** बाट प्राप्त २० वाट पिक क्षमताको १०५ सेट सौर्य विद्युत प्रणाली नुवाकोट सदरमुकाम बिदुर पठाइएको ।

७. केन्द्रले खरिद गरेको २,००० सेट फलामे सुधारिएको चुलो (Natural draft portable metallic improved cooking stove) र Husk Power Pvt. Ltd. ले उपलब्ध गराउन लागेको १० सेट संस्थागत फलामे चुलो वितरण गर्न बाढी प्रभावित जिल्लाका स्थानीय तहहरुबाट माग संकलन भइरहेको ।

८. केन्द्रले दोस्रो पटक सूचना प्रकाशित गरी खरिद गर्न लागेको थप ४० सेट संस्थागत सौर्य विद्युत प्रणालीहरुमध्ये २० सेट संस्थागत सौर्य विद्युत प्रणालीहरु जडान गर्ने स्थानहरुको छनौट कार्य निर्णय प्रक्रियामा रहेको ।



२०८३/०५/१८

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा विकास समिति
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

फोन : (९७७) १-४५९८०१३
४५९८०१४, ४५९८०१५
वेभ : www.aepc.gov.np
पो.ब.नं. १४३६४, काठमाडौं
ताहाचल, काठमाडौं

प.सं.:
च.नं.:

९. Himalayan Cook Stove ले ५० थान पोर्टेबल चुलो केन्द्र मार्फत उपलब्ध गराउने प्रस्ताव गरेको र सो को वितरणका लागि बाढी प्रभावित जिल्लाका स्थानीय तहहरुबाट माग संकलन गरी वितरण गरिने ।

१०. Solar Power Producers' Association, Nepal (SOPPAN) ले बाढी प्रभावित घरपरिवारको लागि घरेलु सौर्य विद्युत प्रणाली उपलब्ध गराउन प्रस्ताव गरेको र सो विषय छलफलको क्रममा रहेको ।

११. मिति २०८३/०५/१५ मा माननीय मन्त्रीज्यूको नेतृत्वमा भएको बाढी प्रभावित क्षेत्रको राहत उद्धारको स्थलगत समन्वयमा केन्द्रका कार्यकारी निर्देशक सहितको टोलीको सहभागिता रहेको ।

१२. बाढीबाट क्षति भएका ऊर्जा सम्बन्धी पूर्वाधारहरुको क्षतिको विवरण तयार (RDNA) गर्न मन्त्रालयको संयोजकत्वमा गठित समितिमा केन्द्रका नायब कार्यकारी निर्देशकले प्रतिनिधित्व गरी केन्द्रको सहयोगमा निर्माण/जडान भएका नवीकरणीय ऊर्जा आयोजना/प्रविधिहरुको प्रारम्भिक विवरण तयार गरी मन्त्रालयसँग समन्वय भइरहेको ।

१३. केन्द्रको तर्फबाट उपलब्ध गराइएको राहत सामाग्री वितरणको स्थलगत समन्वय गर्न प्राविधिक अधिकृत श्री सरोज बहादुर कार्कीलाई नुवाकोट सदरमुकाम बिदुरमा खटाइएको ।

१४. मिति २०८३/०५/१८ गते केन्द्रका कार्यकारी निर्देशकको अध्यक्षतामा केन्द्रका कर्मचारी र नेपाल सौर्य विद्युत उत्पादक संघका पदाधिकारी लगायत सौर्य ऊर्जा क्षेत्रमा कार्यरत कम्पनीका प्रतिनिधिहरुको उपस्थितिमा बसेको बैठकले नेपाल सौर्य विद्युत उत्पादक संघले सौर्य ऊर्जाको क्षेत्रमा कार्यरत सम्पूर्ण संघ संस्थाहरुसँग समन्वय गरी भोटेकोशी बाढीबाट हाल देशमा आइपरेको विपद् व्यवस्थापन गर्न नेपालमा सौर्य ऊर्जा प्रणालीका विविध प्रविधि तथा प्राविधिक जनशक्तिको उपलब्धता सम्बन्धी विस्तृत विवरण/तथ्यांक मिति २०८३/०५/१९ सम्म केन्द्रमा उपलब्ध गराउने निर्णय गरिएको ।

१५. केन्द्रले "बाढी प्रभावित समुदायका लागि आपतकालीन सौर्य विद्युत तथा सञ्चार राहत (Emergency Solar Lighting and Communication Relief Initiative for Flood-Affected Communities)" सम्बन्धी प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गरेको र प्रस्ताव अनुसार सहयोग जुटाउन विभिन्न विकास साझेदारसँग मन्त्रालय मार्फत समन्वय भइरहेको ।

२०८३/५/१२

डा. नारायण प्रसाद अधिकारी
नायब कार्यकारी निर्देशक एवं प्रवक्ता